श्री ५ को सरकार

# वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३९।३।२७ को निर्णयानुसार पारवहन सम्बन्धी समस्याहरूलाई बढी प्रभावकारी र समन्वयात्मक रूपमा यथाशक्य छिटो समाधान गर्ने उद्देश्यले देहायबमोजिमको एक पारवहन समन्वय समिति गठन गरी सो समितिलाई देहायबमोजिमको कार्यक्षेत्र तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) समितिको गठनः समितिको गठन देहायबमोजिम हुनेछ :–

| | | |
|---|---|---|
| (क) | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| (ख) | महा-निर्देशक, वाणिज्य विभाग | सदस्य |
| (ग) | प्रतिनिधि, निर्माण तथा यातायात मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (च) | प्रतिनिधि, परराष्ट्र मन्त्रालय | सदस्य |
| (छ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (ज) | श्री ५ को सरकारबाट मनोनित व्यक्ति एक जना | सदस्य |
| (झ) | महाप्रबन्धक, नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. | सदस्य |
| (ञ) | प्रतिनिधि, व्यापार प्रवर्द्धन केन्द्र । | सदस्य |
| (ट) | उप-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय, पारवहन शाखा | सदस्य-सचिव |

(२) समितिको कार्यक्षेत्रः

यो समितिले मुख्यतया पारवहन, यातायातको क्षेत्रको विस्तृत अध्ययन गरी अल्पकालीन नीति र कार्यक्रमहरू तर्जुमा गर्नेछ । पारवहन यातायातलाई कम खर्चिलो र साथै बढी छिटो छरितो बनाउने उद्देष्यबाट तर्जुमा गरिने नीति एवं कार्यक्रमहरूलाई यो समितिले सम्बन्धित मन्त्रालय, विभाग र संस्थानद्वारा समन्वयात्मक रूपले कार्यान्वयन गर्ने गराउनेछ र साथै नियमित रूपमा यी विषयहरूको पुनरावलोकन पनि गर्नेछ । यस किसिमको विस्तृत उद्देश्य र कार्य सञ्चालन अन्तर्गत यो समितिले निम्नबमोजिम कार्यहरू गर्नेछ ।

(क) विभिन्न सिमाना विन्दुहरू, विमानस्थल र साथै पारवहन सुविधा प्राप्त बन्दरगाह र ट्रान्सशिपमेण्ट केन्द्रहरूमा उपलब्ध भौतिक सुविधाहरूमा खास गरी गोदाम व्यवस्थाको अध्ययन गरी आवश्यकतानुसार थप व्यवस्था गर्दै जान एक छुट्टै कार्यक्रम तयार गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) व्यापार कार्यविधि र प्रलेख व्यवस्थाबाट पारवहनमा उत्पन्न समस्याहरूलाई निराकरण गर्ने उदेश्यबाट आवश्यक अध्ययन गर्ने ।

(ग) विद्यमान परिस्थिति र पारवहन सम्झौताहरूको सन्दर्भमा सम्भाव्य विकल्प, पारवहन मार्ग र साधनहरू पहिल्याउने ।

(घ) पारवहन यातायातमा संलग्न कार्य संचालन स्तरमा नेपाल पारवहन तथा गोदाम व्यवस्था, नेपाल यातायात संस्थान, शाही नेपाल वायु सेवा निगम र नेशनल ट्रेडिङ्ग लिमिटेडलाई बढी क्रियाशील गर्ने ।

(ङ) स्थल मार्ग विकासको अतिरिक्त हवाई मार्गमा बढी आकर्षित र विस्तार गर्ने उदेश्यबाट अध्ययन गर्ने ।

(च) निजी व्यापारी लगायत अन्य सम्बन्धित निकायलाई आवश्यकतानुसार नीति निर्देशन र परामर्श दिने ।

(छ) अन्य सम्बन्धित कार्यहरू ।

आज्ञाले,
शंकरकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।